म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २६४ २०८१ साउन ३२ गते शुक्रबार 16 August 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## पेट्रोल, डिजल र मट्टीतेलको भाउ घट्यो

हेटौंडाः नेपाल आयल निगमले पेट्रोल, डिजल र मट्टीतेलको भाउ घटाएको छ। बिहीबार साँझ बसेको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर ५ र डिजल तथा मट्टीतेलमा प्रतिलिटर ३ रुपैयाँ घटाएको हो। घटेको मूल्य बिहीबार राति १२ बजेदेखि लागू हुनेछ। घटेको मूल्य अनुसार चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा पेट्रोल प्रतिलिटर १६२, डिजल र मट्टीतेल १५२ रुपैयाँ कायम भएको छ। त्यस्तै सुर्खेत र दाङ क्षेत्रमा पेट्रोल प्रतिलिटर १६४, डिजल तथा मट्टीतेल १५४ रुपैयाँ कायम भएको छ। काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा पेट्रोल प्रतिलिटर १६५ रुपैयाँ र डिजल तथा मट्टीतेल १५५ रुपैयाँ कायम भएको निगमले एक सूचना मार्फत जानकारी दिएको छ।

# दिउँसै मैनबत्ती बालेर स्थानीय सरकार खोज्दै व्यवसायीद्वारा उपमहानगरमा धर्ना

समाज संवाददाता

हेटौंडाः राजश्ववृद्धिको विषयमा विरोध जनाउँदै आएका व्यवसायीले बिहिबार पनि हेटौंडा उपमहानगरपालिकामा धर्ना दिएका छन्। बिहिबार बिहान १० बजेदेखि साढे ११ बजेसम्म व्यवसायीले धर्ना दिएका हुन्। हेटौंडा-२ स्थित पल्पसा सदनबाट मैनबत्ती बालेर स्थानीय सरकारका खोज्दै व्यवसायीको र्‍याली हेटौंडा बजार हुँदै हेटौंडा उपमहानगरपालिकाको कार्यालय पुगेको थियो।

हेटौंडा उपमहानगरपालिकाको कार्यालय परिसरमा पुगेर व्यवसायीहरुले मैनबत्ती बालेर धर्ना दिएका थिए। उनीहरुले करको नयाँ दर खारेज गर्न, व्यवसायीलाई राहत र सहयोगका कार्यक्रम घोषणा गर्न, उपभोक्ता समितिमार्फत काम गर्ने क्रमलाई रोक्न, स्थानीय सरकारको आयव्यय विवरण सार्वजनिक गर्न माग गर्दै नारा लगाएका थिए। बुधबार बिहान पनि व्यवसायीले हेटौंडा उपमहानगर पालिकाको मूलगेट बाहिर एक घण्टा नाराबाजीसहित धर्ना दिएका थिए।


हेटौँडा उपमहानगरपालिका परिसरमा धर्ना दिँदै व्यवसायीहरु ।

मकवानपुर उद्योग वाणिज्य संघको समन्वय र सहजीकरणमा विभिन्न व्यावसायिक संघ, संस्थाले सामूहिक रुपमा हेटौंडा उपमहानगरपालिकाले बढाएको करको विरोध गरिरहेका छन्। हेटौंडा उपमहानगरपालिकाले गत असार ७ गते नगरसभाबाट पारित गरेको नीति, कार्यक्रम तथा बजेटअन्तर्गत करको दरमा अस्वभाविक र उच्च दरमा वृद्धि गरेको भन्दै व्यवसायी आन्दोलित भएका हुन्। हेटौंडा उपमहानगर पालिकाले २६३ प्रतिशतसम्म राजश्वको दर वृद्धि गरेको, नयाँ शीर्षकमा पनि उच्च दर कायम गरेको भन्दै व्यवसायी आन्दोलित भएका हुन्।

चरम मन्दी, बैंक तथा वित्तीय संस्थाको ऋणको चापका बीच व्यवसायी पलायन भइरहेका बेला स्थानीय सरकार ले करको दरमा अस्वभाविक वृद्धि गरेको गुनासो छ। व्यवसायीको आन्दोलित भएसँगै बुधबार नेकपा एमाले सम्बद्ध नगर सभा सदस्यहरुले नगरप्रमुख समक्ष विशेष नगरसभाको माग गर्दै निवेदन दर्ता गराएका छन्। स्थानीय सरकार सञ्चालन ऐनमा एकतिहाई सदस्यले विशेष नगर सभाको आव्हान गरे नगरप्रमुखले १५ दिनभित्र विशेष नगरसभा बोलाउनुपर्ने व्यवस्था छ।

नगरवासी व्यवसायी आन्दोलित भएपछि नगरप्रमुख र उपप्रमुखले जिम्मेवार भएर व्यवसायीको मागलाई सम्बोधन नगरेकै कारण नगरसभाको बहुमत सदस्य (४८ जना) ले नगरप्रमुख समक्ष विशेष नगरसभाको माग गरिएको ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले जानकारी दिनुभएको छ। व्यवसायीको आन्दोलनलाई मकवानपुर २० वटा व्यावसायिक संघ, संस्थाले समर्थन गर्दै ऐक्यवद्धता जनाएको छ।

# व्यवसायीको आन्दोलनमा राजनीतिक दलको ऐक्यवद्धता

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले राजश्व अभिवृद्धि गरेको विषयमा व्यवसायीको आन्दोलनप्रति राजनीतिक दलहरुले पनि ऐक्यवद्धता जनाउन थालेका छन्। पहिलो चरणको आन्दोलन जारी रहेको चौथो दिन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेकपा माओवादी केन्द्रले ऐक्यवद्धता जनाएको हो।

बिहिबार प्रेस विज्ञप्ति जारी गर्दै रास्वपा र माओवादीले समर्थन जनाएको हो। यसअघि नेकपा एमाले सम्बद्ध बहुमत नगरसभा सदस्यहरुले बुधबार नै विशेष नगरसभाको माग गर्दै नगरप्रमुखलाई सम्बोधन गरेर निवेदन दर्ता गराएको छ। नगरप्रमुख मीना कुमारी लामाको अनुपस्थितिका कारण विशेष नगरसभाको माग गर्दै प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई ४८ जना नगरसभा सदस्यको हस्ताक्षर सहित निवेदन दिएको छ।

देश नै आर्थिक मन्दिको मारमा परेर व्यवसायीहरु धरासायी हुँदै घर भाडा र राज्यको न्युनतम नवीकरण दस्तुर समेत तिर्न नसक्ने स्थितिमा उपमहानगर पालिकाले ३०० प्रतिशतसम्मको राजश्वको दर बढाएकोप्रति रास्वपाको ध्यानाकर्षण भएको जनाएको छ। रास्वपा हेटौंडा उपमहानगर समितिका सभापति ध्रुव विष्ट, निर्वाचन क्षेत्र नम्बर १ का सभापति टाकाराज थापा र सचिव किशोर अर्यालको संयुक्त हस्ताक्षरमा जारी गरिएको विज्ञप्तीमा विषम् परिस्थितिमा सकेसम्म करमा सहुलियत दिनुपर्नेमा उल्टै कर बढाएर जनतामाथि उपमहानगरपालिकाले शोषण गरेको दावी गरिएको छ।

यस्तै नेकपा माओवादी केन्द्र हेटौंडा उपमहानगर समितिले पनि उपमहानगरले राजश्वको दरमा अत्यधिक वृद्धि गरेको प्रति ध्यानाकर्षण भएको जनाएको छ। व्यवसायीको आन्दोलनप्रति समर्थन जनाउँदै माओवादी केन्द्रले नागरिकको ढाड सेक्ने गरी करको दर वृद्धि गरिएकोप्रति आपत्ति जनाइएको छ। "उपमहानगरले औचित्य पुष्टि हुन नसक्ने गरी मनपरी ढंगले करको दरमा वृद्धि गर्नु जति नाजायज छ, यस विषयमा राजश्व परामर्श समिति, कार्यपालिका र नगरसभामा गम्भीरतापूर्वक छलफल नहुनु दुखद् छ" नेकपा माओवादी केन्द्रका हेटौंडा उपमहानगर कमिटी अध्यक्ष तीर्थबहादुर थापा मगरले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

नेपाली काँग्रेस हेटौंडा उपमहानगर समितिले पनि विज्ञप्ति जारी गर्दै विभिन्न

...बाँकी पृष्ठ ३ मा

## व्यवसायीले आज उपमहानगरमा चाबी बुझाउँदै

# दिउँसो उपमहानगरसँग वार्ता गर्ने, राजश्वको दर साविक हुनुपर्ने बटमलाईन


हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
शाखा/उपशाखा/इकाई :- प्रशासन
चलानी नं :- ६९२

मितिः २०८१/०४/३०

विषयः छलफलमा सहभागी हुने सम्बन्धमा ।

श्री मकवानपुर उद्योग वाणिज्य संघ,
हेटौंडा, मकवानपुर ।

प्रस्तुत विषयमा उपमहानगरपालिकाको नगरसभाबाट आर्थिक वर्ष २०८१/८२ का लागि निर्धारण भई स्वीकृत भएको करका दरहरुका सन्दर्भमा दुविधा भई मकवानपुर उद्योग वाणिज्य संघले चनं.२३, मिति २०८१/०४/१८ गते ज्ञापनपत्र बुझाएकोमा उपमहानगरपालिकाले सो विषयमा तयारी कै क्रममा रहेकोमा संघले हाल चरणवद्ध आन्दोलनका कार्यक्रमहरुको सुरुवात गरेको विषयमा उपमहानगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा छलफल मार्फत उचित उपायको अवलम्बन गरी तत्कालिन अवस्थामा देखिएको समस्याको दिर्घकालिन समाधानका लागि त्यस संघबाट बढिमा ५ जनासम्मको पदाधिकारी/कर्मचारीको उपस्थितिमा तपसिलमा उल्लेखित छलफल हुने मिति, समय र स्थानमा गराइदिन निर्देशानुसार अनुरोध छ ।

तपसिल
मितिः- २०८१।०४।३२,
समयः- विहान ८:०० बजे,
स्थानः- उपमहानगरपालिकाको सभाहल ।

सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

हेटौंडा उपमहानगरपालिकाले वार्ताका लागि मकवानपुर उद्योग वाणिज्य संघलाई लेखेको पत्र।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले अस्वभाविकरुपमा राजश्वको दरमा वृद्धि गरेको भन्दै आन्दोलित व्यवसायीले आज शुक्रबार बिहान आफ्ना पसल, व्यवसाय बन्द गरेर हेटौंडा उपमहानगरपालिकालाई चाबी बुझाउँदैछन्। चरम आर्थिक मन्दी, ऋणको साँवा-ब्याज भुक्तानीमा परेको चाप, कारोबारमा आएको गिरावटका कारण व्यवसायी पलायन हुन बाध्य भइरहेका बेला स्थानीय सरकारले करको दर र दायरा दुबै बढाउँदै विस्तार गरिएका दायरहरुमा पनि राजश्वको दर चर्को कायम गरिएको, घरभाडाको आधारदर बढाइएको, एकीकृत सम्पत्ति कर, विज्ञापन करमा समेत चरम वृद्धि भएको भन्दै आन्दोलित व्यवसायीले पहिलो चरणको आन्दोलनको अन्तिम दिन आज उपमहानगरपालिकालाई चाबी हस्तान्तरण गर्न लागेको हो।

व्यवसायीले बुधबार र बिहिबार दुईदिन उपमहानगरपालिकामा धर्ना दिँदै करको दर घटाउन माग गर्दै आएका छन्। व्यवसायीको आन्दोलनप्रति चौतर्फी समर्थन भइरहेको र नगर सभाका बहुमत सदस्यले विशेष नगरसभा बोलाउन माग गरेपछि हेटौंडा उपमहानगरपालिकाले वार्ताको पहल गरेको छ। हेटौंडा उपमहानगरपालिकाले बुधबार मकवानपुर उद्योग वाणिज्य संघलाई सम्बोधन गर्दै शुक्रबार बिहान ८ बजेका लागि वार्ताको आव्हान गरेको छ। उपमहानगरपालिकाको प्रस्तावमा व्यवसायीले आन्दोलनका कार्यक्रम नसकी वार्ता नबस्ने जनाएपछि वार्ता शुक्रबार दिउँसो २ बजेका लागि तय भएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले जानकारी दिनुभएको छ। उपमहानगर पालिकासँगको वार्तामा व्यवसायीको तर्फबाट साविककै दरमा उपमहानगरले राजश्व उठाउनुपर्ने बटमलाईन रहने संघका अध्यक्ष गुप्ताले जानकारी दिनुभएको छ। बिहिबार दिउँसो मकवानपुर उद्योग वाणिज्य संघमा आन्दोलनरत व्यवसायीको बैठकले जारी आन्दोलनको समीक्षा गर्दै पहिलो चरणअन्तर्गत पाँचौं तथा अन्तिम दिनको आन्दोलनको तयारीको विषयमा छलफल भएको अध्यक्ष गुप्ताले जानकारी दिनुभएको छ। "शुक्रबार बिहान व्यवसायीले आफ्ना पसल, व्यवसाय बन्द गरेर चाबी उपमहानगरपालिकालाई बुझाएर धर्ना दिएपछि दिउँसो मात्रै वार्ता बस्ने कुरा भएको छ", अध्यक्ष गुप्ताले भन्नुभयो, "नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्तासँग सामूहिक रुपमा वार्तामा बस्छौं। वार्तामा हाम्रो बटमलाईन भनेको चरम मारको वर्तमान समयमा करको दर साविककै कायम गर्नुपर्ने रहनेछ।"

बिहिबारको बैठकले विशेष नगरसभा बोलाउन बहुमत नगरसभा सदस्यले नगरप्रमुख समक्ष माग गरेको विषयमा अनौपचारिकरुपमा स्वागत गर्दै धन्यवाद दिने निर्णय भएको अध्यक्ष गुप्ताले बताउनुभयो। साथै शुक्रबार अन्य राजनीतिक दलहरुको तर्फबाट समेत ऐक्यवद्धता र समर्थन जनाइएको प्रति पनि बैठकले धन्यवाद एवम् आभार व्यक्त गरेको अध्यक्ष गुप्ताले जानकारी दिनुभयो।



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

# करवृद्धि विवादको समाधान

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि घरबहाल दर तथा व्यवसायको कर तथा राजश्वको दरमा वृद्धि गरेपछि व्यवसायी आन्दोलित भएका छन् । उपमहानगरपालिकाले व्यवसायीसँग पर्याप्त छलफलबिना कर तथा राजश्वको दरमा २६३ प्रतिशतसम्म वृद्धि गरेपछि त्यसको बिरोध हुँदै आएको छ । कोभिड-१९ को समयदेखि नै सुस्ताएको व्यापार व्यवसायमा मन्दी कायमै रहेको अवस्थामा व्यवसायीलाई मर्का पर्ने गरी करवृद्धि गरेको भन्दै व्यवसायीले उक्त निर्णय फिर्ता लिन आग्रह गरेका थिए । व्यवसायीको आग्रहबमोजिम उपमहानगरपालिकाले कार्यपालिका बैठकमा करवृद्धिको विषयमा छलफल गरे पनि करवृद्धिको निर्णय यथावत राखेपछि व्यवसायी आन्दोलित भएका छन् । मकवानपुर उद्योग वाणिज्य संघको अगुवाईमा व्यवसायीले पहिलो चरणको आन्दोलन गरिरहेका छन् ।

व्यवसायीको आन्दोलनप्रति विभिन्न राजनीतिक दलहरुले ऐक्यवद्धता जनाएका छन् । व्यवसायीको पहिलो चरणको आन्दोलन सुरु गरेको चौथो दिन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा माओवादी केन्द्र र नेपाली काँग्रेसले आन्दोलनप्रति ऐक्यवद्धता जनाएको छ । बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै रास्वपा, माओवादी र काँग्रेसले आन्दोलनप्रति समर्थन जनाएको हो । यसअघि नेकपा एमाले सम्वद्ध बहुमत नगरसभा सदस्यहरुले बुधबार नै विशेष नगरसभा माग गर्दै निवेदन दर्ता गराएको छ । वृद्धि गरेको करको विषयमा कार्यपालिका बैठकमा थप निर्णय हुन नसकेपछि उपमहानगरपालिकालको बहुमत नगरसभा सदस्यले विशेष नगरसभा बोलाउन माग गरेका हुन् । कर तथा राजश्वको दर वृद्धिसम्बन्धी व्यवस्था संशोधन गर्न आवश्यक देखिएको भन्दै नेकपा एमाले सम्वद्ध नगरसभा सदस्यहरुले विशेष नगरसभा माग गर्दै उपमहानगरपालिकामा निवेदन दर्ता गराएका हुन् । ४८ जना नगरसभा सदस्यको हस्ताक्षरसहित विशेष नगरसभा बोलाउन निवेदन दिइएको छ ।

उपमहानगरपालिकाले वृद्धि गरेको कर तथा राजश्वप्रति नगरका व्यवसायी एवम् नगरबासीले विरोध गरेर आन्दोलन गर्ने अवस्था आउन दिनु हुँदैनथ्यो । उपमहानगरको नेतृत्वले व्यवसायीसँग वार्ता तथा छलफल गरेर समस्या समाधान गर्न सक्नुपर्थ्यो । व्यवसायीले सुरु गरेको आन्दोलनका कार्यक्रमअन्तर्गत् बुधबार र बिहीबार उपमहानगरपालिकामा धर्ना दिएका छन् । आज शुक्रबार बिहान व्यवसायीले आफ्ना पसल, व्यवसाय बन्द गरेर हेटौंडा उपमहानगरपालिकालाई चाबी बुझाउने कार्यक्रम रहेको छ । व्यवसायीको आन्दोलनप्रति चौतर्फी समर्थन भइरहेको र नगरसभाका बहुमत सदस्यले विशेष नगरसभा बोलाउन माग गरेपछि बल्ल हेटौंडा उपमहानगरपालिकाले व्यवसायीसँग वार्ता गर्ने चासो देखाएको छ । उपमहानगरपालिकाले शुक्रबार बिहान ८ बजेका लागि वार्ता आह्वान गर्दै मकवानपुर उद्योग वाणिज्य संघलाई पत्र पठाएको छ । घोषित पहिलो चरणको घोषित आन्दोलनको कार्यक्रम सम्पन्न गरेर शुक्रबार दिउँसो २ बजे वार्ता गर्ने तय हुनुलाई सकारात्मक मान्नुपर्छ ।

अहिले अर्थतन्त्रमा आएको मन्दीले व्यवसायी प्रभावित भएका छन् । व्यवसायीलाई ऋणको साँवा-व्याज भुक्तानीको चाप पनि उत्तिकै छ । व्यवसायले गर्दै आएको कारोबारमा समेत कमी आइरहेको अवस्थामा कर तथा राजश्वको दरमा भएको व्यापक वृद्धिको विरोध हुनु स्वभाविक हो । जनताको घरदैलोको सरकार भनेर मानिएको स्थानीय सरकारले व्यवसायीले सुविधा तथा सहुलियत दिनुपर्नेमा करको दर र दायरा बढाउँदा नकारात्मक सन्देश गएको छ । कतिपय व्यवसायले उपमहानगरपालिकालाई तिर्ने राजश्वको दर निकै वृद्धि गरिएको छ । घरभाडाको आधारदर पनि उल्लेख्य बढाइएको छ । एकीकृत सम्पत्ति कर, विज्ञापन करलगायतमा समेत वृद्धि गरिएको अवस्थामा उपमहानगरपालिका र व्यवसायीबीच सार्थक छलफल तथा वार्ताबाट समस्याको समाधान निकाल्नु आवश्यक छ । वार्तामा सहभागीहरुले आ-आफ्नो पक्षबाट हदैसम्मको लचतकता अपनाएर करवृद्धि विवादको समाधान गर्दै आन्दोलन अन्त्य गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापारीक प्रस्ताव प्राप्त हुन सक्ने समय छ ।
**वृष** : आफन्तको स्वास्थ्य स्थितिमा सुधार आउला ।
**मिथुन** : परिश्रम र साहसले काममा पूर्णता प्राप्त ।
**कर्कट** : व्यापार–व्यवसायमा सुधारकारक नै होला ।
**सिंह** : सहयोग र उपहार प्राप्त गरिने समय योग छ ।
**कन्या** : स्वास्थ्य समस्याबाट बचिने समय योग देखिन्छ ।
**तुला** : धार्मिक र सामाजिक कामबाट लाभ प्राप्त ।
**वृश्चिक** : बन्धुबान्धवको सहयोग लिन सकिन्छ ।
**धनु** : सहयोगको अपेक्षा राख्दा राम्रै होला ।
**मकर** : खर्चबर्चमा वृद्धि हुने समय योग रहेको छ ।
**कुम्भ** : इच्छा र चिन्ता जाग्ने समय योग छ ।
**मीन** : कार्यक्षेत्रमा व्यस्त भइने समय योग ।

# नेपाली विषयमा किन कमजोर छन् बालबालिका ?



**कमल नेपाल**

हामी यस्तो देशमा छौं; जहाँ विद्यार्थीहरू विद्यालय हाताभित्र नेपाली भाषा बोलेकै कारण दण्डित हुन्छन् । यस प्रकारका दण्ड शारीरिक, मानसिक तथा कतिपय स्थानमा आर्थिक समेत् हुने गरेको छ । यसको मुख्य कारण हो, अङ्ग्रेजी भाषामा दक्ष बनाउने नाममा नेपाली भाषामाथि गरिने सौतेनी व्यवहार । कतिपय निजी विद्यालय हातामा प्रवेश गर्ने बित्तिकै 'अङ्ग्रेजी बोलिने क्षेत्र' वा 'नेपाली निषेधित क्षेत्र' भनेर सबैले देखिने गरी प्रष्ट रुपमा कुनै साङ्केतिक चिन्ह राखिएको पाइन्छ । अभिभावकका नजरमा तथा समाजमा आफ्नो संस्था अरुभन्दा फरक छ र अङ्ग्रेजी मात्र बोल्न लगाइँदो रहेछ भन्ने देखाउनु बाहेकको यसको कुनै प्रयोजन नै छैन । सामुदायिक विद्यालयमा केही वर्ष अगाडिसम्म यस्ता गतिविधि विरलै देखिने भएपनि आजकल सामुदायिक विद्यालयमा पनि अङ्ग्रेजीको भुत चढ्दै गएको देख्न पाइन्छ ।

नेपाली माध्यममा पढ्ने विद्यार्थी कमजोर हुन्छन् र अङ्ग्रेजी माध्यममा पढ्ने चाहिँ जान्ने हुन्छन् भन्ने भ्रम समाजमा तीव्र रुपमा बढेको छ । देशमा चारैतिर अङ्ग्रेजीको माहौल बढेपछि नेपाली विषय स्वतः कमजोर हुने नै भयो । नेपालीमा विचार अभिव्यक्त गर्नुभन्दा अङ्ग्रेजीमा गर्न सक्नुपर्छ भन्ने गलत मानसिकता क्रमशः विद्यार्थीमा स्थापित गराइँदै छ । नेपाली विषय अधिकांश सामुदायिक तथा संस्थागत् विद्यालयको प्राथमिकतामा पर्दैन । नेपाली भाषालाई विषयको मान्यता नै नदिने सोच हाम्रो समाजमा बढ्दै गएको छ । यही सोचका कारण नेपाली भाषाले सम्माजनक स्थान पाउन सकेको छैन । र माइलो कुरा त के भने घरमा नेपाली विषय पढ्न वा लेख्न लागेका आफ्ना सन्तानलाई अभिभावकले नै गाली गर्ने गरेर अन्य विषयलाई प्राथमिकता दिन दबाव दिने गरेको दुःखद् अनुभव कतिपय विद्यार्थीहरूको रहेको छ । नेपालीबाहेकका अरु विषयलाई प्राथमिकताका साथ पढ्नका लागि अभिभावकबाट नै दबाव आउँछ । यसरी अभिभावकबाटै नेपाली पढ्दा खप्की पाएपछि निर्दोष विद्यार्थीहरुले के गरुन् ? नेपाली किताब थपक्क बन्द गरेर विज्ञान तथा गणितलगायतका अन्य विषय निकालेर पढ्न बाध्य हुन्छन् । विद्यार्थी पनि यस मामलामा केही हदसम्म दोषी देखिन्छन् । अन्य विषय शिक्षकले जति गृहकार्य दिँदा पनि चुप लागेर बस्ने विद्यार्थी नेपालीको गृहकार्य दुई पेजभन्दा माथि पुग्ने बित्तिकै धेरै भयो भन्दै कराउन थाल्छन् ।

विश्वव्यापी रुपमा नेपाली विद्यार्थीलाई पनि नयाँ प्रविधिले छोएको छ । प्रविधिको दुरुपयोग नयाँ पुस्ताले धेरथोर गरेकै छन् । नेपाली गीत सङ्गीत हेर्न र सुन्न रुचाउने जमात् घट्दै छ । नेपाली चलचित्र हेर्न त झनै रुचाउँदैनन् । टेलिभिजन तथा युट्युबमा नेपाली कार्यक्रम हेर्नु र सुन्नु उनीहरुको प्राथमिकतामा कहिल्यै पर्दैन । अनि शब्दभण्डारको ज्ञान कसरी हुन्छ ? आजकल मोबाइल गेमको लत डरलाग्दो ढङ्गले बढेको छ । गेमले बालबालिकालाई समाज तथा परिवारबाट टाढा बनाएको छ । पारिवारिक जमघटमा बस्नु अनि आफन्तसित विचार विनिमय गर्नु त एकादेशको कथा भएको छ । समाजसित घुलमिल हुनुको साटो एकान्तमा आफूलाई मोबाइलमा सक्रिय बनाउने गरेका छन् । यही कारण परिवार तथा समाजसँगको सिधा सम्पर्कबाट विद्यार्थीहरू निकै टाढा हुँदै छन् ।

कोचिङ तथा ट्युसन कक्षा भनेको कमजोर विद्यार्थीलाई क्रमशः बलियो बनाउँदै लैजाने प्रक्रिया हो । सबै विद्यार्थी सबै विषयमा अब्बल हुन्छन् भन्ने छैन । कतिपय विद्यार्थी नेपाली भाषामा पनि कमजोर हुने गरेका छन् । यी विद्यार्थीले नेपाली विषयको ट्युसन वा विशेष कक्षा लिनुपर्ने हुनसक्छ तर नेपाली विषय सजिलो हुने भएकाले विशेष कक्षाको आवश्यक्ता पर्दैन भन्ने धारणा अभिभावकमा पर्ने गरेको छ । फेरि नेपाली विषयमा कम अङ्क आएको छ भने यसको असर प्रत्यक्ष रुपमा शिक्षकमाथि नै पर्ने गरेको छ । अभिभावक तथा विद्यालय प्रशासनले सारा दोष विषय शिक्षकलाई लगाएर आफू भने पानीमाथिको ओभानो हुन खोज्छन् । एउटा विद्यार्थी कुनै पनि विषयमा दक्ष बन्नका लागि विषय शिक्षकमात्र जिम्मेवार कदापि हुँदैन । अभिभावक, विद्यार्थी, शिक्षक तथा विद्यालय प्रशासनको सामुहिक प्रयासले मात्र एउटा विद्यार्थी सफल हुन सक्छ ।

विद्यालय प्रशासन र अभिभावक त आआफ्नो ठाउँमा दोषी भैहाले । नेपाली विषय पढाउने शिक्षकका पनि देखिने सामान्य कमजोरी नभएको होइन । नेपाली विषय पढ्दा हुने फाइदा तथा नेपाली विषय पढेरै भविष्यमा गर्न सकिने कार्यहरुबारे प्रष्ट रुपमा उनीहरुलाई बुझाउन सकिएको छैन । परम्परागत् सिकाइलाई अङ्गीकार गरी नयाँपन दिन नसक्दा पनि विद्यार्थीहरुले नेपाली विषयमा भन्दा अन्य विषयमा आकर्षित् हुन पुगेका हुन् । विद्यार्थी, अभिभावक तथा सम्बन्धित् निकायलाई नेपाली भाषाको महत्व र गरिमाबारे नेपाली विषयका शिक्षकहरूले बुझाउनै पर्छ । नेपाली वर्णविन्यासका नियमलाई चट्ट पारी लयात्मक ढङ्गमा प्रस्तुत गरिएको एउटा गीत सामाजिक सञ्चालमा निकै भाइरल भएको थियो । 'साधारण नियम यो सुरूको र बीचको ह्रस्व हुन्छ अन्तिमको दीर्घ बरी लै' शीर्षकको यस गीतमा ह्रस्व दीर्घसम्बन्धी नियम तीजको भाकामा प्रस्तुत गरिएको छ । यस गीतको भिडियो युट्युबमा हेर्न सकिन्छ । राजधानीस्थित् एक निजी शैक्षिक संस्थाका नेपाली शिक्षक यस कार्यका लागि सम्मानका पात्र बनेका छन् । यस्तै प्रकारको नयाँ सोच तथा प्रविधिलाई क्रमशः आत्मसात गरी अगाडि बढ्न सकेमा केही हद्सम्म यो समस्या समाधान हुन सक्छ ।

अङ्ग्रेजी भाषाकै कारण देश विकसित हुने भएको भए मातृभाषालाई प्राथमिकता दिने चीन, जापान, रुस, दक्षिण कोरिया, जर्मनी तथा फ्रान्सलगायतका देश आज निकै पछाडि हुन्थे । जातीय, भाषिक र राजनैतिक पहिचानको कुरा तीव्र रुपमा उठेको वर्तमान समयमा आफ्नै भाषालाई कमजोर बनाएर हामी कस्तो पहिचान स्थापित गर्न खोज्दै छौं ? यस लेखको आशय अङ्ग्रेजी भाषालाई अस्वीकार गरेर अगाडि बढ्नुपर्छ भन्ने हुँदै होइन । विश्व बजारमा प्रतिस्पर्धाका लागि अङ्ग्रेजीको विकल्प नै छैन । नेपाली भाषाका तुलनामा अङ्ग्रेजी भाषामा पठनीय सामग्री पर्याप्त मात्रामा पाइन्छन् । आफूलाई अन्तर्राष्ट्रिय रुपमा स्थापित गराउँछु भन्ने र कुनै पनि विषय वा क्षेत्रमा पूर्ण दक्षता हासिल गर्नेका लागि अङ्ग्रेजी निर्विकल्प छ ।

अङ्ग्रेजी माध्यम नै विद्यार्थीका लागि सिकाइको सर्वोपरि विकल्प होइन । अङ्ग्रेजी माध्यममै शिक्षण सिकाइ अगाडि बढाउनुपर्ने बाध्यकारी नियम कतिपय ठाउँमा शिक्षक र विद्यार्थी दुबैका लागि 'खाए खा, नखाए घिच्' बन्न पुगेको छ । विद्यार्थीहरूले बुझ्न र शिक्षकहरूले बुझाउन जटिलताको सामना गर्नुपरेको छ । अङ्ग्रेजी भाषाको प्रयोग गरी शिक्षकले शिक्षण सिकाइ अगाडि बढाउँदै गर्दा कतिपय शब्दका अर्थ विद्यार्थीले नेपालीमा चाहन्छन् । नेपालीमा शिक्षण सिकाइ अगाडि बढाउँदा कतिपय शब्दको ज्ञान नभएर विद्यार्थीहरु अङ्ग्रेजीमा सुन्न खोज्छन् । अङ्ग्रेजी माध्यममै पढाउनु पर्ने बाध्यकारी नियमका कारण कत्तिपय अवस्थामा विद्यार्थीहरु न त पूर्णरुपमा अङ्ग्रेजीमा दक्ष हुन सकेका छन्; न त नेपालीमा नै । के फरक पर्छ र विद्यार्थीलाई विज्ञानका कुरा नेपालीमा बुझाउँदा ? गणितका समस्या समाधान गर्ने बेलामा नेपालीमा अभिव्यक्त गर्दा के बिग्रन्छ ? लेखाका समस्यालाई नेपालीमा सम्झाउँदा अव्यवहारिक हुन्छ र ? स्वास्थ्य तथा वातावरणका कुरा नेपालीमा बुझाउँदा विद्यार्थीले कम बुझ्ने भन्ने हुन्छ र ? यी प्रश्नको चित्तबुझ्दो जवाफ हामी कसैसित पनि छैन ।

कुनै पनि कुरालाई बोलेर तथा लेखेर मात्र हैन इशारा गरेर तथा स्पर्श गरेर बुझाउन सकिन्छ । हामी विद्यार्थीलाई अङ्ग्रेजी माध्यम नै उत्तम विकल्प हो भन्दै नेपालीमा बोल्दा अपराध नै हुने जसरी के सिकाउन र के बुझाउन खोज्दै छौं ? यो सोचनीय छ । नेपाली नेपालको राष्ट्रिय भाषा तथा सवल सम्पर्क भाषा हो । सम्पूर्ण नेपालीहरूको पहिचानलाई नेपाली भाषाले स्थापित गरेको छ । नेपाली भाषाले भारत, भुटान तथा म्यान्मारमा औपाचारिक मान्यता पाएको छ । विश्वका विभिन्न देशमा नेपालीभाषीको बाक्लो उपस्थिति रहेको छ । ऐतिहासिक दृष्टिले विश्वका आधुनिक मानिएका भाषाभन्दा नेपाली भाषा जेठो छ । यसको संरक्षणका लागि सबै पक्षको समान सहभागिताको आवश्यक्ता छ । देशमा सङ्घ तथा प्रदेश तथा स्थानीय तहको आमालाई भन्दा सानीमालाई माया गर्ने प्रवृत्ति अर्थात् नेपाली भाषाभन्दा अङ्ग्रेजी भाषालाई प्राथमिकता दिने प्रवृत्ति क्रमशः हटाउँदै जानुपर्छ । शैक्षिक संस्था, शिक्षक, विद्यार्थी संघ संघठन, अभिभावक तथा भाषाविद्हरूले अब यस विषयमा फरक ढङ्गले सोच्नैपर्ने बेला भएको छ ।

*(लेखक हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल माविका शिक्षक हुनुहुन्छ ।)*

# वर्षायाममा किन धेरै आँखा पाक्छ, कसरी जोगिने ?



**डा. कमल खड्का**
**वरिष्ठ नेत्ररोग विशेषज्ञ**

वर्षायामको समयमा सबैभन्दा बढी सताउने समस्यामध्ये एक हो आँखा पाक्ने रोग । आँखा पाक्ने समस्या नेपालमा प्रायः हरेक वर्ष फैलिन्छ । हालै पनि ओपीडीमा दुई-चार जना दैनिक आँखा पाक्ने समस्या लिएर आउन थालेका छन् ।



लगातार परिरहेको वर्षाको प्रभावका कारण अबको एक महिनासम्म यो समस्या लिएर आउनेको संख्या अस्पतालमा बढ्न सक्छ । आँखा पाक्ने समस्या सरुवा रोग भएकाले एक व्यक्तिबाट अर्को हुँदै समुदाय स्तरमै तीव्र रुपमा फैलिन सक्ने यसमा खुबी हुन्छ । त्यसैले यो समयमा आँखासम्बन्धी स्वास्थ्यलाई लिएर सचेत हुनुपर्ने देखिन्छ ।

**के हो आँखा पाक्ने रोग ?**

आँखा पाक्ने रोग एडिनो भाइरसको संक्रमणका कारण देखिने समस्या हो । यसले आँखाको सेतो भागको सतहमा हुने झिल्लीलाई संक्रमित गर्छ । यो समस्यालाई चिकित्सा भाषामा 'कन्जक्टीवाइटिस' भनिन्छ र आम भाषामा आँखा पाकेको भनिन्छ ।

**वर्षायाममा किन आँखा पाक्छ ? यसबारे बुझौं**

वर्षायामको समयमा वायुमण्डलमा आर्द्रता बढी हुने भएकाले संक्रमणजन्य कीटाणु तथा भाइरसको संख्या वृद्धि हुनुका साथै सक्रिय हुन्छन् । जो आँखाले वरपर देख्ने सतहमा टाँसिएर बसेका हुन सक्छन् । यस्तोमा सो सतहमा छोएको हात आँखा पनि लगियो भने त्यहाँसम्म कीटाणु वा भाइरस पुगेर आँखालाई संक्रमित बनाउन सक्छ ।

...बाँकी पृष्ठ ३ मा

# एक वर्षमा ५२ दिन चल्यो हेटौंडा सिमेन्ट, फागुनदेखि उत्पादन ठप्प

समाज संवाददाता

हेटौंडा: सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग एक वर्षमा ५२ दिन सञ्चालन भएको छ । उद्योग विभिन्न कारणले बन्द हुँदा ५२ दिनमात्र सञ्चालन भएको हो ।

गत आर्थिक वर्ष २०८० साउनदेखि २०८१ असारसम्म उद्योग ५२ दिन चलेको हो । कोइला अभाव र मेशिन मर्मतका लागि उद्योग बन्द गरिएको उद्योग प्रशासनले जनाएको छ । कोइला अभावमा एक वर्षमा २ सय ६९ दिन उद्योगले उत्पादन गर्न नसकेको उद्योगका प्राविधिक फाँटका नितिन कर्णले जानकारी दिनुभयो ।

कर्णका अनुसार २०८० साउन यता भदौमा ११ दिन, असोजमा १८ दिन, माघमा ८ दिन र फागुनमा १५ दिन गरी उद्योग जम्मा ५२ दिन चलेको हो । यस्तै, उहाँले चालु आर्थिक वर्षको साउन महिनामा एक दिन उद्योग चलेको जानकारी दिनुभयो ।

उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेले कोइला अभावका कारण उद्योगको उत्पादन बन्द गर्नु परेको बताउनुभयो । कोइला खरिद गर्न नसक्दा उद्योग बन्द गर्नु परेको उहाँले बताउनुभयो । उद्योगका पुराना उपकरण बिग्रिइरहने समस्याका कारण पनि नियमित सञ्चालन गर्न समस्या भएको उहाँको भनाइ छ ।

अहिले पनि मेशिन मर्मतको काम चलिरहेको उहाँले बताउनुभयो । कोइला अभावको बेला उद्योग बन्द हुँदा मर्मतको काम गर्ने गरेको महाप्रबन्धक पाण्डेले बताउनुभयो । कोइला सप्लायर्सको बक्यौता रकम धेरै भएका कारण कोइला आपूर्ति ठप्प रहेको उहाँले बताउनुभयो ।

'गत आर्थिक वर्षको फागुनमा १५ दिन चलाएको उद्योग कोइला अभावका कारण अहिलेसम्म बन्द छ । उद्योगमा जसोतसो प्राप्त हुने कोइलाले १० दिन पनि सञ्चालन गर्न पुग्दैन', महाप्रबन्धक पाण्डेले भन्नुभयो- 'हामीसँग भएको स्टक कोइलाले १०/१५ दिन उद्योग सञ्चालन गरेर केहि फाइदा छैन । भएको कोइला सकिएपछि फेरि पनि उहि कोइलाको समस्या देखाएर उद्योग बन्द गर्नुपर्छ ।' उद्योग बर्सेनि घाटामा रहेको र कोइलाको पैसा नै करोडौं तिर्नुपर्ने उहाँले जानकारी दिनुभयो । कोइला सप्लायर्सलाई तिर्नुपर्ने भुक्तानी समयमै नतिर्दा कोइला आउन नसकेर उत्पादन नै बन्द गर्नु परेको उहाँको भनाइ छ ।

## फागुनदेखि उत्पादन ठप्प

पछिल्लो ४ महिनादेखि उद्योगको बन्द अवस्थामै छ । गत फागुनदेखि हेटौंडा सिमेन्ट उद्योग सञ्चालनमा आउन सकेको छैन । फागुनदेखि उद्योग पूर्णरुपमा ठप्प छ ।

पछिल्लो समय २०८० फागुन महिनादेखि बन्द रहेको उद्योग २०८१ साउनमा एकदिन क्लिङ्कर उत्पादनका लागि चलेको उद्योगका महाप्रबन्धक कर्णले बताउनुभयो । उहाँका अनुसार उक्त एकदिन चलेको उद्योगले १५८ टन क्लिङ्कर उत्पादन गरेको थियो । उद्योग त्यसपछि बन्द छ ।

उद्योगका करिब १८० जना स्थायी कर्मचारी र एक सय जनाभन्दा बढी ज्यालादारी कर्मचारी कामबिहीन छन् भने हाल स्टक रहेको सिमेन्ट बिक्री गर्नेबाहेक अन्य कुनै काम हुन सकेको छैन । हाल उद्योगमा करिब २० हजार बोरा सिमेन्ट स्टक रहेको उद्योगका नायव प्रबन्धक नवीन कर्णले जानकारी दिनुभयो । उहाँका अनुसार उद्योगको मेशिन मर्मत गरेपछि पनि उद्योग लामो समयसम्म चलाउन सक्ने अवस्था छैन । उद्योगसँग जम्मा १५/२० दिनलाई पुग्ने १२/१३ सय टन कोइलामात्रै बाँकि छ ।

## समस्याको टार्न रोपवे बिक्रीको प्रयत्न

लामो समयदेखि सञ्चालन हुन नसकी अलपत्र अवस्थामा रहेको रोपवेको उपकरण बिक्रीका लागि उद्योगले पुनः प्रयास सुरु गरेको छ । करिब ६ वर्षअघि पनि रोपवेको सामग्री लिलाम बिक्रीका लागि पटकपटक आह्वान गरिए पनि कसैले इच्छा नदेखाएपछि काम भएको थिएन ।

यस पटक उद्योगले रोपवेको सामग्री पुनः मूल्यांकनका लागि भण्डार शाखा प्रमुख विकास श्रेष्ठको संयोजकत्वमा समिति नै बनेको छ । केही महिनाअघि बनेको मूल्यांकन समितिमा कोष तथा लेखा नियन्त्रक, जिल्ला प्रशासन कार्यालय मकवानपुर र सडक विभागबाट १/१ जना र उद्योगबाट २ जना प्रतिनिधि रहेका छन् । समितिले मूल्यांकनको काम अन्तिम चरणमा पुऱ्याएको र समितिको प्रतिवेदन उद्योग सञ्चालक समितिबाट पास गरी रोपवे लिलाम बिक्रीको सूचना निकालिने उद्योगले जनाएको छ ।

भैंसेदेखि उद्योगसम्म चुनढुंगा ढुवानीका लागि बनाइएको ११ किलोमिटर लामो रोपवेको सिस्टम तथा भण्डारणमा रहेको जगेडा पाटपुर्जा उद्योगले बिक्री गर्न लागेको हो । मर्मतसम्भार गरेर सञ्चालन गर्न करोडौं खर्च लाग्ने भएपछि जीर्ण बन्दै गएको रोपवे लिलाम गर्ने तयारीमा उद्योग लागेको हो । उद्योगले आफ्नो उत्पादन सुरुवातसँगै २०४३ सालबाट भैंसेको खानीबाट लामसुरेस्थित कारखानासम्म चुनढुङ्गा ढुवानी गर्न सञ्चालनमा ल्याएको रोपवे २०६१ सालदेखि बन्द छ ।

२०६० सालमा आएको बाढीपहिरोले भैंसेको त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोपवे बन्द भएको थियो । करिब ८ करोडको लगानीमा निर्माण भएको रोपवेको आर्थिक भार थेग्न नसकेपछि रोपवे बन्द भएको थियो । २०४३ सालबाट २ दशकसम्म भैंसे खानीबाट चुनढुङ्गा ढुवानी गरेको रोपवे बाढीले भत्काएपछि सञ्चालन हुन सकेको थिएन । टावर, स्टेशन, सवस्टेशन भत्कने, क्यारियरहरु पनि झर्ने गरेपछि उद्योगले बिक्री गर्न लागेको हो ।

प्रतिघन्टा ३ सय मेट्रिक टन चुनढुङ्गा ढुवानी गर्ने क्षमता रहेको रोपवेको सुरुमा एक सय ६५ वटा बकेट (क्यारियर) रहेका थिए । हाल केही बकेटहरु बिग्रिएर झरिसकेका छन् ।

# एसईई ग्रेडवृद्धि परीक्षामा ९ प्रतिशत विद्यार्थी अनुपस्थित

समाज संवाददाता

हेटौंडा: माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को ग्रेडवृद्धि (पूरक) परीक्षा सकिएको छ । साउन २३ गतेदेखि सुरु भएको परीक्षा साधारण धारतर्फ मंगलबार र प्राविधिक धारतर्फ बिहीबार सकिएको हो ।

ग्रेडवृद्धि परीक्षामा करिब ९ प्रतिशत विद्यार्थी अनुपस्थित भएका छन् । मकवानपुर जिल्लाबाट परीक्षाका लागि ३ हजार ८ सय ५७ जना विद्यार्थीले फारम भरेका थिए । फारम भरेकामध्ये परीक्षामा ३ सय ४५ जना विद्यार्थी अनुपस्थित भएका हुन् ।

ग्रेडवृद्धि परीक्षाको पहिलो दिन गत बुधबार अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको थियो । अनिवार्य अंग्रेजीको परीक्षाका लागि मकवानपुर जिल्लाबाट फारम भरेका एक हजार ६ सय ४ जना विद्यार्थीमध्ये ९४ जना विद्यार्थी अनुपस्थित भएका थिए । एक हजार ५ सय १० जना विद्यार्थी परीक्षामा उपस्थित भएका हुन् ।

परीक्षाको दोस्रो दिन गत बिहीबार अनिवार्य नेपाली विषयको परीक्षा भएको थियो । अनिवार्य नेपालीको परीक्षाका लागि जिल्लाबाट ५ सय ७५ जना विद्यार्थीले फारम भरेका थिए । फारम भरेकामध्ये ५ सय ३१ जना विद्यार्थी परीक्षामा उपस्थित भएका थिए भने ४४ जना विद्यार्थी परीक्षामा अनुपस्थित भएका थिए ।

परीक्षाको तेस्रो दिन गत शुक्रबार अनिवार्य गणित विषयको परीक्षा भएको थियो । परीक्षाका लागि २ हजार ७ सय २७ जनाले फारम भरेकोमा ४७ जना विद्यार्थी अनुपस्थित भएका थिए । परीक्षामा २ हजार ६ सय ८० जना विद्यार्थी उपस्थित भएका थिए ।

शनिबार भएको विज्ञान तथा प्रविधि विषयको परीक्षाका लागि एक हजार ८ सय ३ जनाले परीक्षा फारम भरेकामा ३८ जना अनुपस्थित भएका हुन् । एक हजार ७ सय ६५ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । आइतबार सामाजिक विषयको परीक्षा भएको थियो । परीक्षाका लागि ९ सय ८५ जनाले परीक्षा फारम भरेकोमा ९ सय ५८ जना उपस्थित भएका थिए । २७ जना विद्यार्थी भने अनुपस्थित भएका थिए ।

यस्तै, सोमबार ऐच्छिक प्रथम विषयको परीक्षा भएको थियो । परीक्षाका लागि १ हजार ६ सय ९४ जनाले परीक्षा फारम भरेकोमा एक हजार ६ सय ४५ जना विद्यार्थी उपस्थित भएका थिए । परीक्षामा ४९ जना विद्यार्थी अनुपस्थित भएका थिए । मंगलबार भएको ऐच्छिक द्वितीय विषयको परीक्षाका लागि ९ सय ८२ जनाले परीक्षा फारम भरेकामा ९ सय ४६ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । ३८ जना विद्यार्थी भने अनुपस्थित भएका थिए ।

यस्तै, प्राविधिक धारतर्फको मौका परीक्षा सिद्धार्थ माध्यमिक विद्यालयमा सञ्चालन भएको थियो । प्राविधिक धारतर्फको बुधबारको परीक्षामा एक सय एक जना विद्यार्थी सहभागी भएका थिए । परीक्षाका लागि आवेदन भरेका एक सय ६ जनामध्ये ५ जना विद्यार्थी परीक्षामा अनुपस्थित भएका हुन् ।

बिहीबार भएको प्राविधिकतर्फको परीक्षाका लागि ८६ जनाले फारम भरेका थिए । फारम भरेकामध्ये ८३ जना विद्यार्थी परीक्षामा उपस्थित भएका थिए भने ३ जना विद्यार्थी परीक्षामा अनुपस्थित भएका थिए ।

विद्यार्थीले परीक्षामा एनजी ल्याएको वा उपस्थित हुन नपाएको सबै विषयमा परीक्षा दिन पाउने व्यवस्था मिलाइएको थियो । गत वर्षसम्म विद्यार्थीले दुईवटा विषयको परीक्षामात्र दिन पाउने गरेका थिए । मकवानपुर जिल्लाबाट एसईई परीक्षामा ५ हजार ९ सय १९ जना विद्यार्थी सहभागी भएका थिए । जसमा ३ हजार ७ सय ६८ जना विद्यार्थीको नतिजा एनजी आएको थियो । परीक्षामा ८५ जना अनुपस्थित भएका थिए ।

# बर्षायाममा किन...

## एकअर्काको आँखा हेरेर सर्दैन, छोएर सर्न सक्छ

संक्रमित व्यक्तिले अर्को व्यक्तिलाई आँखाले हेरेर सर्छ भनेर संक्रमितदेखि तर्किएर हिंड्ने गरेको पनि पाइन्छ । यो ठूलो भ्रम हो । यस्ता लक्षण भएका मानिसको आँखामा हेर्दा, सँगै बस्दा, कुराकानी गर्दा, आँखामा आँखा जुधाउँदा र सँगै खाना खाँदा सर्दैन । किनकि जबसम्म संक्रमण गराउने कीटाणु कुनै न कुनै माध्यमबाट अर्को मानिसको आँखासम्म पुग्दैन तबसम्म सर्दैन ।

तर यो सरुवा रोग भने पक्कै हो । संक्रमित व्यक्तिले आँखा मिच्दा उसको हातमा कीटाणु टाँसिन्छन् र त्यही हात अर्को व्यक्तिसँग मिलाउँदा रोग सर्छ । लक्षण भएको व्यक्तिले प्रयोग गरेको कपडा, रुमाल, कम्प्युटर, ल्यापटप, मोबाइल अर्को व्यक्तिले चलाउँदा यो रोग सर्ने सम्भावना हुन्छ ।

### लक्षण

आँखा पोल्नु, चिलाउनु, भारी हुनु, आँखाले हेर्न अप्ठ्यारो भई घाममा हिंड्नु, उज्यालोमा हेर्न गाह्रो हुनु, दृष्टि धमिलो हुँदै जानु, आँखा तथा आँखा वरपरको भाग सुन्निनु र रातो हुनु आँखा पाक्दा देखिने लक्षण हुन् । यी लक्षण देखिएको तीन दिनसम्म पनि बेवास्ता गरिएमा आँसु तथा कचेरा आउने र बिहान उठ्दा आँखाको परेला टाँसिएको जस्तो हुनसक्छ ।

### जटिलता

आँखा पाक्ने रोग अति खतरनाक रोग होइन । यो सही उपचार पछि ठीक हुन्छ । तर उपचार नगरी बसेमा यसले थप जटिलता ल्याई अवस्था गम्भीर बनाउन सक्छ । जस्तो कि संक्रमण नरोकिएको खण्डमा आँखामा घाउ भई अल्सरको रुप लिन्छ ।

अल्सर बढ्दै गएमा उपचार गराएर निको भए पनि घाउको दाग बस्छ, जसलाई फुलो परेको भनेर बुझिन्छ । फुलो परेपछि आँखाको दृष्टि कमजोर हुन्छ । किनकि यो समस्या भएपछि आँखामा पर्याप्त प्रकाश जान सक्दैन । त्यसैले सामान्य र सही उपचारले छिट्टै निको हुने समस्यालाई पालेर राख्नु भन्दा समयमै पहिचान तथा उपचार गराउनु आवश्यक छ ।

### पहिचान तथा उपचार

यसको पहिचान लक्षणको आधारमा पनि ठम्याउन सकिन्छ । तर सही रुपमा पहिल्याउन आँखामा स्राव भएको तरल पदार्थको नमुना लिइन्छ । सो नमुनाले कुन ब्याक्टेरिया वा भाइरसले संक्रमण गरेको पत्ता लाग्छ ।

सोही अनुसार एन्टीफंगल वा एन्टीबायोटिक औषधि उपचार हुन्छ । सो औषधि आँखा लगाउने र हाल्ने दुवै हुन्छ । चिकित्सकले सिफारिस गरेको सो औषधि कति मात्रा प्रयोग गर्ने भन्ने तय आँखाको समस्या कति गम्भीर छ त्यसमा भर पर्छ ।

### जथाभावी औषधि नलगाऔं

यो रोग लागेमा अस्पताल जानुको साटो हचुवाको भरमा जथाभावी फार्मेसीबाट किनेर औषधि खान वा लगाउन हुँदैन । यसले चाँडै निको पार्नुको साटो थप जटिलता ल्याउन सक्छ । त्यस्तै परिवारमा एक जनालाई भएपछि अर्को व्यक्तिलाई पनि सर्न सक्छ ।

यस्तोमा एउटै औषधि सबैले प्रयोग गरेको पाइन्छ, जुन गलत हो । औषधि हाल्दा वा औषधि हातले समाएर आँखामा लैजाँदा त्यहीबाट पनि संक्रमण सर्न सक्छ ।

### कसरी बच्ने ?

- बिरामीको आँसु, चिप्रा र कचेराबाट जोगिनु सबैभन्दा महत्वपूर्ण कुरा हो । त्यसका लागि सङ्क्रमितले हरेक पटक आँखा छोएपछि साबुन पानीले हात धुनुपर्छ ।
- आफूले प्रयोग गरेको धारा, ढोकाको चुकुल, रुमाल लगायत सामग्रीहरू अरूको पहुँचबाट टाढा राख्नुपर्छ ।
- संक्रमितको वरपर बस्नेहरू पनि उत्तिकै सजग हुनुपर्छ । विशेषगरी संक्रमित बालबालिका तथा वृद्धवृद्धाको ख्याल राख्ने मानिसले आफूलाई जोगाउनु चुनौतीपूर्ण हुनसक्छ । उनीहरुले पनि कुनै वस्तु छोएमा हातमा सेनिटाइजर प्रयोग गर्नुपर्छ ।
- यो मौसममा सबैले हातले नाक, आँखा र मुख नछुनु अहिलेका लागि प्राथमिक उपायहरू हुन् ।
- चाहे मौसम जुनसुकै होस्, बिहान, दिउँसो र सुत्नुअघि सफा पानीले आँखा पखाल्नुपर्छ ।
- आँखा धेरै रातो भएकाले थप बाह्य सङ्क्रमण वा सम्पर्कबाट जोगाउनु र नानीमा असर परेकाहरूलाई नाङ्गो आँखाले उज्यालोमा हेर्दा अप्ठेरो हुने भएकाले त्यसबाट जोगिन कालो चस्मा लगाएर हिंड्नु आवश्यक छ ।
- संक्रमितसँग सकेसम्म सँगै नसुत्ने र भीडभाड हुने ठाउँहरुमा जानु हुँदैन ।
- आफू सुतेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने धुनुपर्छ ।

(स्रोतः अनलाईनखबर)

# शिक्षक संगठनको ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडा: नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला कार्यसमिति मकवानपुरले शिक्षकमाथिको ज्यादती बढ्दै गएको भन्दै शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरमा ध्यानाकर्षणपत्र बुझाएको छ । शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दहाल नेतृत्वको टोलीले शिक्षा विकास समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीलाई शिक्षक १० बुँदे माग राख्दै ध्यानाकर्षणपत्र बुझाएको छ ।

दरबन्दी मिलान, प्रधानाध्यापक व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन र विद्यालय मर्ज वा विग स्कूलको नाममा शिक्षकहरुमाथि चौतर्फी हमला गरिएको भन्दै बुधबार समन्वय इकाईका प्रमुख गिरीलाई ज्ञापनपत्र बुझाएको हो । मुलुकमा नयाँ संविधान जारी भएको ९ वर्ष बितिसक्दा पनि नयाँ शिक्षा ऐन जारी नभएको र शिक्षकहरूले संविधान प्रदत्त ट्रेड युनियन अधिकार र मानव अधिकार प्राप्त गर्न मुस्किल परेको बताइएको छ ।

विगत वर्षहरु जस्तै यो वर्ष पनि संघ, प्रदेश र स्थानीय तहको बजेटमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा नराखेका, शिक्षकहरुका लागि प्रोत्साहनमूलक कार्यक्रमहरु नल्याएको बताइएको छ । विगत लामो समयदेखि न्यून पारिश्रमिकमा काम गरिरहेका बालविकास शिक्षक र विद्यालय कर्मचारीहरुको श्रम कानुनले तोके बमोजिमको न्यूनतम पारिश्रमिकलाई पनि सम्बोधन नगरेको बताइएको छ । पेन्सन बञ्चित भएका शिक्षकहरूलाई साविककै शिक्षा ऐन अनुसारको स्थायी शिक्षकले पाउने पेन्सन तथा उपदानको व्यवस्था गर्नुपर्नेमा संघीय बजेट बेखबर भएको बताइएको छ ।

बाल विकास शिक्षक, विद्यालय कर्मचारी, राहत शिक्षक, प्राविधिक धारतर्फ कार्यरत शिक्षकहरु, संघीय, प्रादेशिक तथा स्थानीय तहबाट तलब पाउनेगरी अनुदान दरबन्दीमा नियुक्त शिक्षकहरु र सबै तहको विद्यालय शिक्षा क्षेत्रमा काम गर्ने अस्थायी प्रकृतिका शिक्षाकर्मीहरूलाई स्थायी शिक्षक सरहको तलब र उनीहरुको काम गरेको आधारमा सामाजिक सुरक्षा प्रवर्द्धन नगरेको बताइएको छ ।

# व्यवसायीको आन्दोलनमा...

शीर्षकमा हेटौंडा उपमहानगरपालिकाले करको दर बढाएको सन्दर्भमा ध्यानाकर्षण भएको जनाएको छ । नेपाली कांग्रेस हेटौंडा उपमहानगर समितिका सभापति उत्सव इटेनीले जारी गर्नुभएको विज्ञप्तिमा नगरसभामा पर्याप्त छलफल नगरी करको दर वृद्धि गर्नु गम्भीर त्रुटी भएको उल्लेख गरिएको छ । आन्दोलनरत व्यवसायीका मुद्दालाई छिटो सम्बोधन गर्न विज्ञप्तिमार्फत कांग्रेसले अनुरोध समेत गरेको छ ।

हेटौंडा उपमहानगरपालिकाले अस्वभाविकरुपमा करको दर वृद्धि गरेको भन्दै व्यवसायी आन्दोलित छन् । शुक्रबार बिहान व्यवसाय बन्द गरेर चाबी उपमहानगरपालिकालाई बुझाउने कार्यक्रम रहेको छ ।


# नेविसंघले बुझायो क्याम्पस प्रमुखलाई ध्यानाकर्षणपत्र

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसले क्याम्पसको शुल्कवृद्धि गरेको भन्दै ध्यानाकर्षणपत्र बुझाइएको छ । बिहीवार नेपाल विद्यार्थी संघ (नेविसंघ) क्याम्पस कमिटीका अध्यक्ष युवराज विश्वकर्माले विद्यार्थीहरुलाई ठूलो मर्का पर्ने गरी विभिन्न शीर्षकमा शुल्क वृद्धि गरिएको भन्दै क्याम्पस प्रमुख देवीराम लामालाई ध्यानाकर्षणपत्र बुझाएको हो । आर्थिक मन्दी र क्याम्पसको गतिविधिबाट विद्यार्थीहरुले पढाइप्रति वितृष्णा व्यक्त गरिरहेको समयमा नेविसंघले दिएको चेतावनी र गरेको विरोधपश्चात् पनि क्याम्पस प्रशासनद्वारा शुल्क वृद्धि गरेको आरोप छ । एक हजार रुपैयाँ मासिक शुल्कमा ४ सय वृद्धि गरी १ हजार ४ सय बनाएको हुँदा नेविसंघले आपत्ति जनाएको हो ।

शुल्क रकम बढाएका कारणले विद्यार्थीहरुको शिक्षामा समेत नकारात्मक असर पर्ने नेविसंघ क्याम्पस कमिटी अध्यक्ष विश्वकर्माले बताउनुभयो । मकवानपुर जिल्लाको आसपासको क्षेत्रमा परिचित हेटौंडा क्याम्पसले सम्पूर्ण विद्यार्थीको सपना र भविष्यमाथि प्रहार गरेको उहाँले बताउनुभयो । शुल्कवृद्धिको निर्णयलाई फिर्ता नलिए आन्दोलनमा उत्रिने चेतावनी दिएको छ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



DOWNTOWN PIZZA
THE BEST PIZZA IN TOWN
FREE HOME DELIVERY
9802593651 / 9802593652
S creative foods Hetauda 4 Parijatpath

पुरस्कारका लागि मन्त्रीलाई खेलाडी संघको ध्यानाकर्षण

# खेलाडीको हितमा प्रतिवद्ध छु: मन्त्री महर्जन

समाज संवाददाता

हेटौंडाः पुरस्कार उपलब्ध गराइदिन माग गर्दै बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनलाई ध्यानाकर्षणपत्र बुझाइएको छ। खेलाडी संघले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा घोषणा भएको पुरस्कार उपलब्ध गराउन माग गर्दै मन्त्री महर्जनलाई ध्यानाकर्षणपत्र बुझाएको हो।

बिहीबार हेटौंडा-६ स्थित युवा तथ खेलकुद मन्त्रालयमा खेलाडी संघका केन्द्रीय सदस्य अजित गुरुङ नेतृत्वको समूहले मन्त्री महर्जनलाई ध्यानाकर्षण गराएको हो। गत २०७९ असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म सम्पन्न ९ औं राष्ट्रिय खेलकुद प्रतियोगितामा बागमती प्रदेशबाट प्रतिनिधित्व गरी पदक विजेता खेलाडीलाई नगद पुरस्कार दिने घोषणा भएको गुरुङले बताउनुभयो।

स्वर्ण, रजत तथा कास्य पदक प्राप्त गरेका खेलाडीहरुलाई प्रोत्साहनस्वरुप प्रदेशबाट क्रमशः १ लाख, ७५ हजार र ५० हजार रुपैयाँका दरले नगद पुरस्कार सहित सम्मान गर्ने घोषणा गरिएको उहाँले बताउनुभयो। उक्त खेलकुद प्रतियोगिता सम्पन्न भएको २ वर्षसम्म पनि पुरस्कार प्राप्त हुन नसकेकाले सो विषयमा तत्काल पहल गर्न मन्त्री महर्जनलाई ध्यानाकर्षण गराइएको उहाँको भनाइ छ।

प्रतियोगिता सम्पन्न भएको लामो अवधिसम्म प्रदेश सरकारबाट पूर्वघोषित पुरस्कार प्राप्त नहुँदा खेलाडीहरुको गुनासो बढिरहेको र पदक प्राप्त खेलाडीमा निराशा छाएको उहाँले बताउनुभयो। उहाँका अनुसार निकट भविष्यमा नै हुने १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता अगावै पूर्वघोषित नगद पुरस्कार खेलाडीहरुलाई उपलब्ध गराउन माग गरिएको छ। पुरस्कार उपलब्ध गराउन सकेको खण्डमा खेलाडीहरु अझ उत्साहित भएर आगामी प्रतियोगितामा प्रदर्शन गर्ने र बढी पदक जित्न सकिने उहाँले विश्वास व्यक्त गर्नुभयो। उक्त प्रतियोगितमा बागमती प्रदेशले २४ स्वर्ण, ४७ रजत र ७४ काश्यसहित १४५ पदक जितेको थियो।

## खेलाडीको हितका लागि प्रतिवद्ध छु: मन्त्री महर्जन

खेलाडीहरुको माग सम्बोधन गर्दै मन्त्री महर्जनले खेलाडीहरुको हक हित र प्रेत्साहनमा आफू प्रतिवद्ध रहेको बताउनुभयो। खेलकुद क्षेत्रको विकास र खेलाडीको प्रोत्साहनका लागि आफूले इच्छा गरेर खेलकुद मन्त्रालयको जिम्मेवारी लिएको उहाँले बताउनुभयो।

खेलाडीहरुले प्राप्त गर्नुपर्ने पुरस्कार रकमका लागि विभागीय मन्त्रीको हैसियतले प्रदेश सरकारसमक्ष दवाव बढाउने उहाले बताउनुभयो। आफू मन्त्री भएलगत्तै खेलाडीहरुको पुरस्कारको विषयलाई गम्भिरताका साथ अघि बढाएको र सो विषयमा मुख्यमन्त्री र अर्थ मन्त्रीसँग निरन्तर छलफल गरिरहेको उहाँको भनाइ छ।

मन्त्री महर्जनका अनुसार खेलाडीहरुको विषयमा मुख्यमन्त्री र अर्थमन्त्री सकारात्मक रहेका छन्। मन्त्रालयबाट उक्त विषयमा स्पष्ट कार्ययोजनासहित पुनः मुख्यमन्त्री र अर्थ मन्त्रालयमा पत्राचार गरेर पुरस्कार रकम निकासाको पहल गर्ने मन्त्री महर्जनले बताउनुभयो।

# प्रतिष्ठानको प्राध्यापक कल्याणकारी समितिको विरोध

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राध्यापक कल्याणकारी समितिले पेश गरेको ५ बुँदे माग पूरा गर्न विरोध सुरु गरेको छ। प्रतिष्ठानका पदाधिकारीहरूसँग गरेको माग सम्बोधनका लागि दबाब दिन समितिले बिहीबारदेखि कालोपट्टी लगाई विरोध गरेको हो।

समितिले प्रतिष्ठानमा ब्यानर टाँसेर विरोध गर्दै ५ बुँदे माग पूरा गर्न ध्यानाकर्षण गराएको छ। कल्याणकारी समितिले आफ्ना मागहरुसहित गत साउन २९ गतेदेखि शान्तिपूर्ण आन्दोलन गरिरहेको छ।

प्राध्यापक कल्याणकारी समितिका अध्यक्ष विश्वास सापकोटाका अनुसार समितिले धेरै पटक प्राध्यापकहरुको हक, हितका माग लिएर शिक्षाध्यक डा. सुरेन्द्र सेरचनलाई भेट्ने, प्रचार र ध्यानाकर्षका गराउँदै आएको छ। ध्यानाकर्षण गराउँदै आए पनि हालसम्म कुनै माग सम्बोधन नभएको उहाँको भनाइ छ। आफूहरुको माग सम्बोधन गर्नुको सट्टा धम्कीको भाषा प्रयोग गरी थर्काउने, बेवास्ता गर्नेजस्ता कार्य गरिएको उहाँले बताउनुभयो।

आफ्ना मागहरुलाई लिएर ३० जना प्राध्यापकको हस्ताक्षरसहित शिक्षाध्यक्षलाई सोमबार खुलापत्र दिइएको तर सुनुवाई हुनुको सट्टा बेवास्ता गरिएकाले आन्दोलन सुरु गर्नुपरेको अध्यक्ष सापकोटाको भनाइ छ। बिहीबार समितिले १ घण्टा प्रतिष्ठानको केन्द्रीय कार्यालयमा उपस्थित भई कालो पट्टी बाँधेर ब्यानरसहित गेटको अगाडि शान्तिपूर्ण आन्दोलन गरेको थियो।

प्राध्यापकहरू हिँडेलगत्तै ब्यानर हटाइएको सापकोटाले बताउनुभयो। शिक्षाध्यक्षले केहि मागहरू सम्बोधन भएको र केहीको लागि कार्यदल बनाई माग सम्बोधन गर्ने प्रयास गरिने उल्लेख गर्नुभएको छ। सम्बोधन गरिने उल्लेख भएता पनि र कार्यदलले प्रतिवेदन पेश गरे पनि प्राध्यापकको हितमा निर्णय नहुँदासम्म आन्दोलन गरिरहने सापकोटाले बताउनुभयो।

प्राध्यापकहरुले गत मंसिर महिनामा पनि आन्दोलन गरेका थिए। त्यसबेला भएको सम्झौत पूर्णरूपमा पालना नगरिएको सापकाटाले बताउनुभयो।

प्रतिष्ठानले न्यूनतम शैक्षिक योग्यता पुगेका सम्पूर्ण प्राध्यापकहरुलाई बढुवा तथा स्थायित्व गर्न माग गरेको छ। चिकित्सा शिक्षा आयोगको मापदण्ड र प्रतिष्ठानको करार नियमावली २०७८ अनुसार प्राध्यापकहरुलाई तुरुन्तै बढुवा तथा स्थायित्व प्रदान गर्न प्रतिष्ठानले माग गरेको हो।

यस्तै, समान पद, समान कार्यका साथै विभेदपूर्ण पारिश्रमिकको अन्त्य गर्न, शिक्षक सेवा सर्त र सुविधा सम्बन्धी नियमावली २०७७ विभेदपूर्ण तरिकाले संशोधन गर्न लागिएको विषय सच्याई अघि बढ्न, विभिन्न समयमा भएको सम्झौतालाई तत्कालै कार्यान्वयन गर्न र विधार्थीका जायज मागहरूको यथोचित सम्बोधन गर्न माग गरिएको छ।

# धारामा लडेर सापकोटाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१०, स्वस्तिकचोकमा धारामा लडेर एक जना वृद्धको मृत्यु भएको छ। मृत्यु हुनेमा ८५ वर्षीय मुक्तिनाथ सापकोटा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बुधबार राति ८ बजेको समयमा सापकोटा आफ्नै घरको धारामा हात धुन जाने क्रममा चिप्लिएर लड्दा गम्भिर घाइते भएका थिए। घाइते सापकोटालाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा राति १० बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ।

# समन्वय अभावमा संविधान कार्यान्वयनमा जटिलता देखियो: मुख्यमन्त्री लामा



कार्यक्रममा सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री बहादुरसिंह लामा।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले संघ, प्रदेश र स्थानीय तहको समन्वयको अभावमा संविधान कार्यान्वयनमा जटिलता देखिएको बताउनुभएको छ। उहाँले तीन तहको सरकारको समन्वय अभावमा आवश्यक कानुन निर्माण समेत प्रभावित भएको र नागरिकसम्म सेवा तथा अधिकार प्रदानमा समस्या भएको बताउनुभयो।

हेटौंडामा आयोजित बागमती प्रदेशमा बालश्रम र बालश्रम निवारणका लागि नीतिगत अवस्थाका बारेमा नीति संवाद कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले संविधानको व्यवस्था अनुसार निर्धारित अधिकार सूचि र साझा अधिकार सूचिका कानुन निर्माणमा तीन तहका सरकारसँग समन्वय गरेर अघि बढ्न जरुरी रहेको बताउनुभयो। समन्वय र सहकार्य हुन नसक्दा बनेका कतिपय कानुनहरु समेत कार्यान्वयनमा समस्या भइरहेको उहाँको भनाइ छ।

मुख्यमन्त्री लामाका अनुसार पछिल्लो समय बालश्रम र अधिकारका विषय चुनौतिको रुपमा देखिएको छ। बालश्रम पूर्णरुपमा निर्मूल गर्न नसकेपनि निरन्तरको प्रयत्नबाट न्यूनीकारण गर्न सकिने उहाँको भनाइ छ। बालबालिकाको समस्याको क्षेत्र पहिचान गरेर निवारणमा सरोकारवाला निकायहरु एकजुट भएर अघि बढ्न जरुरी रहेको मुख्यमन्त्री लामाले बताउनुभयो। बालबालिकाको अधिकार र समस्याका विषयमा प्रदेश सरकार नीति निर्माण गरेर योजनावद्ध रुपमा काम गरिरहेको उहाँले बताउनुभयो। विशेषगरी अनाथ तथा असहाय बालबालिका र आम नागरिकका लागि प्रदेश सरकार अभिभावकत्व प्रदान गर्न सक्षम रहेको उहाँको भनाई छ।

कार्यक्रममा बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले नागरिकहरुका मौलिक हक अधिकार उपभोगका सन्दर्भमा ऐन, कानुन बाधक बन्न नहुने बताउनुभयो। समयानुकल ऐन निर्माण गरेर नागरिकको मौलिक अधिकार प्रत्याभूति गराउन राज्यका संरचनाहरु गम्भिर ढंगबाट अघि बढ्न जरुरी रहेको उहाँले बताउनुभयो। मन्त्री काफ्लेले व्यवहारिकतासहित प्रक्रिया अनुसार मौलिक हक अधिकारका सवालमा सरकार जिम्मेवार हुनुपर्ने उहाँको भनाई छ। मन्त्री काफ्लेका अनुसार राजनीतिक परिवर्तन पछिको परिस्थितीमा राज्यका निकायहरु सेवा प्रवाह र अधिकार प्रदानका विषयमा योजनावद्ध ढंगबाट काम गर्नुपर्ने हुन्छ। राजनीतिक परिवर्तन पछिको उपलब्धीहरु संस्थागत गर्दै योजना कार्यान्वयनमा अग्रसर हुनुपर्ने उहाँको भनाई छ।

बालश्रम अन्त्य र बालबालिकाका अधिकार संविधानमा नै मौलिक हकका रुपमा रहेको उल्लेख गर्नुहुँदै मन्त्री काफ्लेले प्रदेश सरकार नागरिकको मौलिक अधिकार प्रदान तथा बालश्रम न्यूनीकरणमा निरन्तर रुपमा प्रयत्न गरिरहेको बताउनुभयो। 'नागरिकलाई संविधानले व्यवस्था गरेको मौलिक हक अधिकार प्रदानमा सरकार जिम्मेवार हुन जरुरी रहेको छ। बाल अधिकार र बालश्रमका अन्य संविधानको मौलिक हक अन्तर्गतका विषय हुन्। बालश्रम अन्त्य तथा बाल अधिकारका सवालमा प्रदेश सरकार प्रयत्नरत रहेको छ', उहाँले भन्नुभयो।

# अरिँगालले टोकेर गोलेको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको ईन्द्रसरोबर गाउँपालिका-४, छापडाँडामा अरिँगालले टोकेर एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ३२ वर्षीय सुमन गोले रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बुधबार साँझ ५ बजेर ३० मिनेटको समयमा गोले छिमेकीको बारीमा काम गर्ने क्रममा अरिँगालले टोकेर घाइते भएका थिए। घाइते गोलेलाई उपचारका लागि मनमोहन स्मृति सामुदायिक अस्पताल फर्पिङ, काठमाडौं लगिएकोमा बिहीबार बिहान डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# हेटौंडा फुटबल एकेडेमीलाई भारतमा उपाधि




उपाधिसाथ हेटौंडा फुटबल एकेडेमीको टिम।

समाज संवाददाता

हेटौंडाः छिमेकी मुलुक भारतको सिक्किम राज्यमा भएको ७८ औं इन्डिपेन्डेन्ट डे फुटबल प्रतियोगिताको उपाधि मकवानपुरको हेटौंडा फुटबल एकेडेमीले जितेको छ। बिहिबार सिक्किमस्थित मुनसुङ खेलमैदानमा सम्पन्न भएको फाइनल खेलमा घरेलु टोली वेष्ट बंगालको बरमेक क्लबलाई २-१ गोलअन्तरले हराउँदै हेटौंडा फुटबल एकेडेमीले उपाधि जितेको हो।

उपाधिसँगै हेटौंडा फुटबल एकेडेमीले भारतीय एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता बरमेक क्लबले भारतीय ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। एकेडेमीको जीतमा छिरिङ तामाङ र ऋतिक श्रेष्ठले समान एक-एक गोल गरे। आइतबार भएको पहिलो सेमिफाइनल खेलमा भारतको मामरिङ सिक्किम क्लबलाई २-१ गोलले हराउँदै हेटौंडा फुटबल एकेडेमीले फाइनल यात्रा तय गरेको थियो। अगष्ट १ गेतबाट सुरु भएको प्रतियोगितामा १९ वटा टिमको सहभागिता रहेको थियो। गत वर्ष हेटौंडा फुटबल एकेडेमी उपविजेता बनेको थियो।




Admission Open !!!
+2 Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
} TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

# ६४ लाख बराबरको अवैध समानसहित ट्रक नियन्त्रणमा

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले करिब ६४ लाख रुपैयाँ बराबरको अवैध सामानसहित ट्रकलाई नियन्त्रणमा लिएको छ। बुधबार राति ११ बजेर ३५ मिनेटको समयमा ६३ लाख ५३ हजार ३ सय ८१ रूपैया अवैध सामानसहित ट्रक नियन्त्रणमा लिएको हो।

प्रहरी नायव निरीक्षक बहादुर शाहीको कमाण्डमा खटिएको प्रहरी टोलीले बाराको जीतपुर-सिमरा उपमहानगर पालिका-१, पथलैयाचोकबाट ट्रकलाई नियन्त्रणमा लिइ अवैध सामान बरामद गरेको हो। वीरगञ्जबाट बाँकेतर्फ जाँदै गरेकको ना ४ ख ५४०६ नम्बरको ट्रकलाई रोकी चेकजाँच गर्दा उक्त ट्रकबाट बिलबिजक भन्दा बढी स्रोत नखुलेको मोबिल, हार्डवेयर, कपडा, प्लास्टिक, औषधी, किरानालगायतका सामान बरामद गरेको थियो।

बरामद गरेको अवैध सामानसहित ट्रकलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि प्रहरीले आन्तरिक राजस्व कार्यालय पथलैया पठाएको छ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ